नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०७/०८१/८२

मिति : २०८१/११/१९

इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल लघुवित्त बैंकर्स संघ ।

# यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप

| क्र.सं | निर्देशन/बुँदा नं | विधमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | निर्देशन नं. २/०८१ मा बुँदा नं. २ मा संशोधन। | यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा सापटीको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-<br><br>कर्जा वर्गीकरण — न्यूनतम कर्जा नोक्सानी व्यवस्था<br>(क) असल — १.१ प्रतिशत<br>(ख) सूक्ष्म निगरानी — ५ प्रतिशत<br>(ग) कमसल — २५ प्रतिशत<br>(घ) शंकास्पद — ५० प्रतिशत<br>(ङ) खराब — १०० प्रतिशत | यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा सापटीको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-<br><br>कर्जा वर्गीकरण — न्यूनतम कर्जा नोक्सानी व्यवस्था<br>(क) असल — **१ प्रतिशत**<br>(ख) सूक्ष्म निगरानी — ५ प्रतिशत<br>(ग) कमसल — २५ प्रतिशत<br>(घ) शंकास्पद — ५० प्रतिशत<br>(ङ) खराब — १०० प्रतिशत |